# राजनारायण प्रधानका आख्यानात्मक निबन्धहरूको तत्त्वगत विश्लेषण

– **डा कृष्णमाया मगर**
नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय

**सार** – राजनारायण प्रधानका प्रकाशित कृतिहरूमध्ये **दार्जिलिङ डायरी** (इ सं १९८३), **केही अनुहार, केही झलक** (इ सं १९९५), **एउटै धरती, एउटै आकाश** (इ सं १९९६), **पन्चैबाजा बजाउँदै** (इ सं १९९७) तथा **एउटा आइतबार यसरी बित्यो** (इ सं २००४) जस्ता ५ वटा कृतिहरू निबन्ध विधाका छन् जसमा अन्तर्निहित तत्त्वगत वैशिष्ट्य केलाउँदा यिनका प्रायः निबन्धलाई आख्यानात्मक परिपाटीका भन्न सकिने देखिन्छ। यो शोध पत्र प्रधानका निबन्धमा पाइने यसै वैशिष्ट्यको विश्लेषणमा केन्द्रित छ। विधागत शङ्करण आधुनिक तथा उत्तर आधुनिक कालका साहित्यमा पाइने विभिन्न विशेषतामध्ये एउटा हो। राजनारायण प्रधानको निबन्धकारिता पनि यस विशेषताबाट अछुतो देखिँदैन जसका फलस्वरूप मूलतः यिनका कथामा पाइने निबन्धात्मकता अनि निबन्धमा पाइने कथात्मकतामाझ अति सूक्ष्म भिन्नता पाइन्छ। यसै सन्दर्भमा यिनका कथाजस्ता लाग्ने निबन्धहरूमा आख्यानका के कस्ता संरचनात्मक तत्त्वहरू के कसरी प्रकट भएका छन्? तथा आख्यानात्मक संरचनामा रचिएका भए पनि तिनलाई किन निबन्धात्मक रचना नै मान्नु? भन्ने कुरा केलाउनु नै यस शोध पत्रको उद्देश्य रहेको छ।

**बीज शब्द** – भारतीय, नेपाली, साहित्य, राजनारायण प्रधान, निबन्ध, आख्यान, शैली, वैशिष्ट्य।

**१ प्रवेश**

राजनारायण प्रधानले निबन्ध विधाबाटै साहित्य लेखन यात्राको थालनी गरेका देखिन्छन्। विद्यार्थी जीवनदेखि नै साहित्य पढ्न र लेख्न रुचाउने उनले सातौँ श्रेणीको छात्र छँदा नै नृपनारायण प्रधानका सम्पादनमा निस्कने हस्तलिखित पत्रिकामा 'गरिबी' शीर्षक निबन्ध लेखिसकेका थाहा लाग्छ (मगर, इ सं २००८, पृ–३)। तथापि इ सं १९५५–मा **भारती** पत्रिकामा छापिएको 'साहित्य' शीर्षक निबन्ध उनको पहिलो प्रकाशित निबन्ध हो। त्यसपछि उनले **रूपरेखा, गरिमा, मधुपर्क, समकालीन साहित्य** आदि साहित्यिक पत्र पत्रिका, दार्जिलिङ भेकबाट प्रकाशित हुने **हिमालय अब्जर्वर** (नेपाली संस्करण), **दार्जिलिङ आवाज, हिमाली बेला, सुनचरी** जस्ता पाक्षिक तथा दैनिक पत्र पत्रिका तथा सिक्किमबाट प्रकाशित हुने **जनपक्ष,** निर्माण जस्ता  विभिन्न पत्रिकातिर विशेष गरी निबन्ध अनि जीवनीमूलक रचनाहरू प्रकाशित गराउन थालेका देखिन्छन्। ती पत्रिकामा छरिएका रचनाहरूको सङ्कलनका रूपमा पछिबाट उनले एकपछि अर्का गर्दै विभिन्न विधाका सङ्ग्रहहरू प्रकाशित गरेका छन् जुन यस प्रकार छन्–

क. जीवनी – **पन्ध्र प्रसिद्ध पुरुष** (इ सं १९६०), **नौ नामी नेता** (इ सं १९६४), **पैँतीस प्रसिद्ध पुरुष** (इ सं १९८३), **साठी प्रख्यात प्रतिभा** (इ सं २००२), **विश्व साहित्यका निर्माताहरू** (इ सं १९९५), **विश्वविख्यात व्यक्ति** (इ सं २००४) अनि **विश्वविख्यात नेता र विजेता** (इ सं २००४)।

ख. निबन्ध – **दार्जिलिङ डायरी** (इ सं १९८३), **केही अनुहार केही झलक** (इ सं १९९५), **एउटै धरती एउटै आकाश** (इ सं १९९६), **पन्चैबाजा बजाउँदै** (इ सं १९९७) अनि **एउटा आइतबार यसरी बित्यो** (इ सं २००४)।

ग. समीक्षा/समालोचना – **केही कृति केही स्मृति** (इ सं १९७३) अनि **विश्वका महान् नाटक अध्ययनहरू** (इ सं २००५)।

घ. कोश – **राज अङ्ग्रेजी नेपाली शब्दकोश** (१९९३) अनि **नयाँ अङ्ग्रेजी नेपाली शब्दकोश** (इ सं २००५)।

यति मात्र नभएर दार्जिलिङबाट प्रकाशित हुने **मालिङ्गो** पत्रिकाका कतिपय अङ्कहरूको सम्पादन तथा दार्जिलिङका **कथा र कथाकार** (१ र २) नामक पुस्तकको सम्पादन पनि यिनले गरेका छन्। **भानुभक्तका कृति : अध्ययनहरू, वार्ताहरू, टिपेका टिप्पणीहरू**जस्ता पुस्तकमा यिनले क्रमशः 'बधूशिक्षा', 'युगको मनोविज्ञान : एक अधीति' तथा 'अग्रिम भूमिका' शीर्षक समालोचनात्मक लेखहरू पनि लेखेका छन्।

राजनारायण प्रधानका **दार्जिलिङ डायरी** (इ सं १९६०)–देखि **एउटा आइतबार यसरी बित्यो**

(इ सं २००४)–सम्मका निबन्धात्मक कृतिमा सङ्ग्रहित निबन्धहरूको अध्ययन गर्दा के थाहा लाग्छ भने उनका निबन्धका भावभूमि दार्जिलिङ र काठमाडौँको जनजीवनबाट निर्मित देखिन्छ। प्रकारका दृष्टिले उनका निबन्धहरू विचारात्मक, भावात्मक, विवरणात्मक, व्यक्ति चरित्रात्मक, संस्मरणात्मक तथा आख्यानात्मक देखिन्छन्। स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, हास्य व्यङ्ग्यात्मकता, गरिब प्रेम, जाति प्रेम आदि उनका निबन्धका प्रवृत्ति हुन्। पारदर्शिता अनि प्रत्ययकारिता उनका निबन्धमा पाइने विशेष गुण हुन् भने पाठकसँग प्रत्यक्ष तादात्म्य स्थापित गरी आफ्नो कथ्य प्रस्तुत गर्न उनी निपुण देखिन्छन्। शैलीगत वैशिष्ट्यका दृष्टिले उनी भारतीय नेपाली साहित्य लेखनमा शब्दचित्रात्मक भाषाको प्रयोगलाई उच्चता प्रदान गर्ने निबन्धकार हुन्। पाठकसँग सम्मुखीन भएर ठट्यौली गफ गरेजस्तो शैलीमा एकपछि अर्का घटनाहरूको वर्णन गर्दै जानु प्रधानको निजी विशेषता हो।

**२ आख्यान अनि आख्यानात्मक निबन्ध**

नेपाली तथा हिन्दी जस्ता आधुनिक आर्य भाषाहरूमा प्रचलित 'आख्यान' शब्दको व्युत्पत्ति संस्कृत भाषाको 'ख्या' धातुमा ल्युट्' प्रत्यय अनि 'आ' उपसर्गको योगद्वारा भएको मानिन्छ जसको सामान्य अर्थ 'भन्नु', 'घोषणा गर्नु', 'जनाउनु', 'समाचार सुनाउनु' इत्यादि रहेका छन्। साहित्यको विधा निर्धारण गर्ने क्रममा एउटा विशेष प्रकारको गद्य रचनाका लागि 'आख्यायिका' शब्दको प्रयोग प्राचीन समयदेखि नै संस्कृत साहित्यशास्त्रमा पनि हुने गरेको पाइन्छ (नेपाल, इ सं १९९२, पृ–२१)। तथापि आधुनिक साहित्यालोचनाका क्षेत्रमा भने अङ्ग्रेजीमा प्रचलित 'फिक्सन' शब्दको समानार्थी शब्दका रूपमा 'आख्यान' शब्दको प्रयोग नेपालीमा हुने गरेको देखिन्छ। अङ्ग्रेजीको 'फिक्सन' शब्द ल्याटिन भाषाको 'फिक्तिओ'–बाट जन्मेको हो जसको व्युत्पत्तिगत अर्थ 'बनाउनु, आविष्कार गर्नु, स्वाङ पार्नु वा ढोँग रच्नु, छल्नु, भान पार्नु' आदि भन्ने हुन्छ। **विकिपिडिया**ले यसलाई 'ऐतिहासिक तथ्यमा आधारित नभएको तथा काल्पनिक पात्र, घटना तथा स्थानहरूको समावेश भएको इतिवृत्तात्मक विधा' विशेषका रूपमा अर्थ्याएको छ भने **रुटलेज डिक्सनरी अव् लिटरेरी टर्म्स**ले 'फिक्सन' शब्दलाई अयथार्थ तथा अस्तित्वहीन कुराप्रति विश्वास गर्न लगाइने लेखनको एउटा प्रकार विशेष भन्ने परिभाषा दिएको पाइन्छ (चाइल्ड्स अनि फाउलर, इ सं १९९३, पृ–८८)।

यसरी 'फिक्सन' शब्दको समानार्थीका रूपमा 'आख्यान'–लाई बुझ्दा 'साहित्यको त्यस्तो विधा जसमा इतिवृत्तात्मक रूपमा काल्पनिक अथवा अवास्तविक पात्र, घटना तथा विभिन्न परिवेशको उपयोग गरी सिर्जिएको साहित्यको एउटा विधा विशेष' भन्न सकिन्छ। आरम्भमा पश्चिमी साहित्यशास्त्रमा आख्यानले विशेषतः उपन्यास विधालाई इङ्गित गर्ने कुरो प्रायः विद्वान्हरूले गरेका छन् (च्याटमन, इ सं २००६, पृ–६७) तर समयक्रममा यसको अर्थ विस्तार हुँदै आएर अचेल साहित्यका उपन्यास मात्र

नभएर कथा, नाटक आदि जुनसुकै गद्यमूलक विधा जसमा इतिवृत्तात्मकता हुन्छ तिनलाई पनि यसले जनाउन सक्ने देखिन्छ। यसो भए तापनि साहित्यका विशेष गरी उपन्यास अनि कथा विधालाई जनाउने एउटा पारिभाषिक शब्दका रूपमा नै 'आख्यान' शब्दको प्रयोग हुँदै आएको कुरो सर्वमान्य छ।

यस दृष्टिले आख्यानलाई दुई प्रकारले बुझ्न सकिन्छ –विस्तृत अर्थमा, अतथ्यात्मक रचना जसमा साहित्यका जम्मै विधा पर्न सक्छन् अनि सङ्कीर्ण अर्थमा, इतिवृत्तमूलक गद्य विधा, विशेष गरी उपन्यास अनि कथा। यस शोधपत्रमा आख्यानको दोस्रो परिभाषाका आधारमा राजनारायण प्रधानका आख्यानात्मक निबन्धहरूको विश्लेषण गरिएको छ।

डा घनश्याम नेपाल (इ सं १९९२, पृ–२१)–ले निबन्धलाई वर्गीकरण गर्ने विभिन्न आधारहरू प्रस्तुत गर्दै विधागत प्रभावलाई पनि वर्गीकरणको एउटा आधार मानेका छन्। यसका आधारमा निबन्धका निम्न प्रकार हुन सक्छन् – कवितात्मक निबन्ध, आख्यानात्मक निबन्ध, नाट्य निबन्ध, समालोचानात्मक निबन्ध इत्यादि। यीमध्ये आख्यानात्मक निबन्ध त्यस्तो निबन्ध हो जसमा निबन्धकारले निबन्धमा कथ्य प्रतिपादनका निम्ति एउटा इतिवृत्तात्मक संसारको निर्माण गर्छन् र पात्र, घटना तथा परिवेश आदिको विन्यासद्वारा उक्त कथ्यको पुष्टि गर्छन्। भारतीय नेपाली निबन्ध लेखनमा पारसमणि प्रधान, अच्छा राई 'रसिक', रामकृष्ण शर्मा, राजनारायण प्रधान, रामलाल अधिकारी, सानुभाइ शर्मा आदिका निबन्धमा आख्यानात्मकताको प्रयोग यत्रतत्र पाइन्छ।

संरचनाका आधारमा आख्यानका उपविधा कथा अनि उपन्यासमध्ये आख्यानात्मक निबन्धलाई कथा विधाको समकक्षी मान्न सकिन्छ। कथा विधाअन्तर्गत निबन्धात्मक शैलीमा लेखिएका कथा र कथात्मक शैलीमा लेखिएका निबन्धबिच भिन्नताको अति पातलो रेखा कोर्न सकिन्छ। विधा भञ्जन अनि विधा मिश्रणको यस युगमा साहित्यका विधा निर्धारण गर्नु एउटा ठुलै चुनौती बनेको छ। त्यसमा पनि अन्य विधा र निबन्धबिच सीमारेखा कोर्ने तथा निबन्धका उपविधा केलाउने कार्यमा धेरै समस्या रहेको बोध हुन्छ। यस सन्दर्भमा निबन्धात्मक कथा र आख्यानात्मक निबन्धबिचका भिन्नताबारे स्पष्टताको अभाव खट्किँदो छ। तथापि यीबिचका भिन्नता बुझ्न यिनमा पाइने कथानक विधान, पात्र प्रयोग, दृष्टिविन्दु प्रयोग आदिलाई आधार बनाउन सकिने देखिन्छ। सबैभन्दा पहिले आख्यानात्मक निबन्ध र कथाका कथानकबिच पाइने पार्थक्य हो– ती कथानकमा आउने घटनाहरूको विन्यास। यद्यपि आधुनिक तथा आधुनिकोत्तर कथाहरूमा घटनाहरूको विन्यासक्रम समरेखीय नभएर विषम रेखीय हुन सक्छ तर कथामा ती घटनाबिचको सम्बन्ध अन्योन्याश्रित अनि अभेद्य हुन्छ, जस्तै –प्रधानले **एउटै धरती एउटै आकाश**मा 'भङेरा र भङेरी' शीर्षक रचनामा भङेरा र भङेरीलाई क्रमशः लोग्ने अनि स्वास्नीको प्रतीक बनाई पति र पत्नीबिचको घरझगडाबारे एउटा कथा लेखेका छन्। यस कथालाई लेखकले संवादात्मक शैलीमा प्रस्तुत गरी जम्मा दुई जोडा परस्पर सम्बद्ध पात्रहरूको जीवनमा घटित

दुईवटा घटनाहरूको विन्यास गरेका छन्। ती घटनाहरू एकाअर्कासित अन्योन्याश्रित ढङ्गमा आबद्ध छन् तथा ती दुईवटा घटनाले कथाको एउटै कथानक निर्माण गरेको छ। यस दृष्टिले प्रधानको यस रचनालाई कथा मान्दा धेरै उपयुक्त हुने देखिन्छ।

अर्कातिर आख्यानात्मक निबन्धमा घटना विन्यास निबन्धको कथ्य पुष्ट गर्न अथवा बल दिन मात्र गरिएको हुन्छ। निबन्धकारले निबन्धको कथ्य प्रस्तुत गर्दै जाँदा मनमौजी ढङ्गले बिच बिचमा कथाहरू जोड्दै लगेका हुन सक्छन्। कहिलेकहीँ त परस्परमा असम्बद्ध एकभन्दा धेरै घटनाहरूको समावेश समेत गरिएको हुन्छ। दृष्टान्तका लागि **केही अनुहार केही झलक**मा सङ्कलित प्रधानकै 'नानीलाई राम्रो हेर्नोस् है' निबन्धलाई लिन सकिन्छ। यस निबन्धमा जम्मा तीनवटा परस्पर असम्बद्ध घटनाहरू छन् र ती घटनाका बिच बिचमा निबन्धकारले 'नानीहरूको हेरचाह कसरी गर्नु' भन्ने बारे आफ्ना विचारहरू घुसाएका छन्।

आख्यानात्मक निबन्ध र कथालाई छुट्ट्याउने अर्को तत्त्व हो – पात्र विधान। निबन्धका सन्दर्भमा पात्र विधान गौण महत्त्वको हुन्छ जसमा पात्रहरू निबन्धकारको विचार बोक्ने माध्यम मात्र हुन्छन्। कथामा भने पात्र विधान कथाको संसार निर्माणका लागि गरिन्छ अर्थात् कथानक विकासमा ती पात्रले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्।

दृष्टिविन्दु अथवा परिप्रेक्ष्य पनि अर्को घटक हो जसका आधारमा आख्यानात्मक निबन्ध र कथाबिचको अन्तर आँक्न सकिन्छ। मोर्तैंले 'मेरा निबन्धका विषय म नै हूँ' भने जस्तै आख्यानात्मक निबन्धमा निबन्धकारको व्यक्तित्त्व कुनै न कुनै प्रकारले प्रस्तुत भएको हुन्छ। यस्ता प्रायः निबन्ध आन्तरिक सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको हुन्छ जसमा निबन्धकारका व्यक्तित्त्वको छाप घटना, पात्र, समय, परिवेश हरेक कुरामा दर्सिन्छ। अर्कातिर कथामा भने दृष्टिविन्दुको प्रयोग अनेक प्रकारले गरिएको हुन्छ अथवा कथामा कथाकार र कथावाचकबिचको सम्बन्ध प्रत्यक्ष वा परोक्ष जस्तै किसिमको पनि हुन सक्छ।

## ३ राजनारायण प्रधानका आख्यानात्मक निबन्धहरूको तत्त्वगत वैशिष्ट्य

कथावस्तु वा कथानक विधान, समय तत्त्व, पात्र प्रयोग, चरित्र चित्रण पद्धति, दृष्टिविन्दु प्रयोग, परिवेश विधान, द्वन्द्व योजना, संवाद योजना तथा शैलीजस्ता आख्यानात्मक तत्त्वका आधारमा राजनारायण प्रधानका निबन्धमा पाइने आख्यानात्मकताको अध्ययन यस शोध पत्रमा गरिएको छ। यसका लागि सेमोर च्याटम्यानको **रिडिङ न्यारा‍टिव फिक्सन** तथा डा घनश्याम नेपालको **आख्यानका कुरा**लाई सैद्धान्तिक आधार बनाइएको छ।

प्रधानका मूलतः चारवटा कृति– **दार्जिलिङ डायरी, केही अनुहार केही झलक, एउटै धरती**

**एउटै आकाश** अनि **पन्चैबाजा बजाउँदै**भित्र सङ्कलित रचनाहरूको अध्ययनबाट के थाहा लाग्छ भने यी कृतिमा सङ्ग्रहित जम्मै रचनालाई निबन्ध मान्न सकिँदैन। यी पुस्तकमा सङ्ग्रहित रचनाहरूलाई लेखक स्वयम्ले 'लेखहरूको सँगालो' भनेका तथा पुस्तकका भूमिकामा भूमिका लेखकले यिनका रचनालाई निबन्ध घोषित गरेका आधारमा यी कृतिलाई निबन्धात्मक कृतिकै रूपमा अहिलेसम्म उल्लेख गरिँदै अथवा तिनको अध्ययन हुँदै आएको देखिए तापनि **दार्जिलिङ डायरी** र **केही अनुहार केही झलक** बाहेक अन्य कृतिमा सङ्ग्रहित प्रायशः रचनाहरूलाई कथा भन्न सकिन्छ।

राजनारायण प्रधानले लेखेका आख्यानात्मक निबन्धका राम्रा नमुना **दार्जिलिङ डायरी**मा सङ्ग्रहित डायरी २, ३, ३०, ४७–५६, ६०–६१ अनि ६४–लाई मान्न सकिन्छ। यीसँगै **केही अनुहार केही झलक**मा सङ्ग्रहित 'नानीलाई राम्रो हेर्नोस् है', 'हामी क्याउक्याउ', 'मुसुक्क हाँसिदेऊ', 'कन्भेन्सनमा जाँदा' आदि तथा **एउटै धरती एउटै आकाश**का 'एउटै धरती एउटै आकाश', 'गोदावरी जाँदा', 'के गर्नु हँ मैले यो काली केटीलाई?' आदि निबन्धलाई पनि आख्यानात्मक निबन्ध मान्न सकिन्छ।

### ३.१ कथावस्तु/कथानक विधान

राजनारायण प्रधानका निबन्धमा प्रयुक्त कथाका विषयवस्तुहरू दार्जिलिङ तथा काठमाडौँका नेपाली जनजीवनमा देखिने महँगाइ, बेरोजगारी, भ्रष्टाचार, धाँधली, घुसखोरी, चोरी, डकैती, बालश्रम, मान्छेमा निहित स्वार्थन्धता, धूर्तता, अज्ञानता, अचेतनाजस्ता समस्याको चित्रणसँगै ती समस्याले जन्माएका पारिवारिक, सामाजिक, राजनैतिक तथा आर्थिक विसङ्गतिप्रति व्यङ्ग्यमा केन्द्रित छन्। नारी–पुरुषबिचको स्वाभाविक आकर्षण, व्यक्तिचित्रण, प्रकृति वर्णन अनि औपदेशात्मकता पनि तिनका विषयवस्तु हुन्।

उनका प्रायः निबन्धमा कथाहरू विचारलाई पुष्ट गर्न अथवा दृष्टान्त प्रस्तुत गर्न जोडिएका छन्। जस्तै 'हामी क्याउक्याउ' निबन्धको पहिलो अनुच्छेदमा 'चौधरी नामक ब्याङ्कमा काम गर्ने पात्रका टाउकामा डाक्टरले गिदी हाल्न बिर्सिएको तथापि उसले गिदीबिनै पनि काम गरिरहेको' स्वैरकल्पनात्मक कथा जोडेर दोस्रो परिच्छेदमा चाहिँ 'हामी त्यही चौधरीजस्तै भएका छौँ...' लेख्दै नेपालीहरूको बौद्धिक लघुताप्रति उनले व्यङ्ग्य कसेका छन्। हामीले गर्ने 'राजनीति– नानीले खेलाउने पुतलीजस्तो छ। ...धर्मका कुरामा हामी त्यस्तै धरमर छौँ। ...प्रत्येक कुरामा हाम्रो नजर हल्का छ। ...साहित्य पनि दुईचारजनाको जुत्ताको कारखानाजस्तो छ' जस्ता वाक्यद्वारा कथ्यको प्रतिपादन गरिएको यसै निबन्धमा पछिबाट फेरि भाषा मान्यता आन्दोलनको स्थिति दर्साउन ब्वाँसो र स्यालको कथा पनि जोडिएको छ। कथाको थालनी भने पारम्परिक ढाँचामा 'उहिले नै एकादेशमा' भनेर लोककथाको वाचन सुरु गरे जस्तै गर्नु यिनको विशेषता हो जसमा यिनले प्राकृतिक कालक्रमको अनुसरण गरेका देखिन्छ। कथाको अन्त्य

चाहिँ यिनले सहज रूपमा निर्दिष्ट घटना विवरण दिँदै कथालाई फलागमको अवस्थासम्म पुऱ्याएर टुङ्ग्याउन रुचाएका देखिन्छ। च्याटमनले यस प्रकार अन्त्य भएको कथानकलाई बन्द वर्गको कथानक भन्ने संज्ञा दिएका छन् जसलाई 'पारम्परिक अन्त्य' पनि भनिन्छ।

### ३.२ समय तत्त्व

प्रधानका निबन्धमा प्रयुक्त कथाका समयबारे अध्ययन गर्दा के थाहा लाग्छ भने यिनका आख्यानका समय प्राकृतिक वा ऐतिहासिक कालक्रममा आबद्ध छन्। कथामा घटित घटनाहरूको एकरेखीय अनुक्रम यिनमा पाइन्छ तथा ती घटनाका समयक्रम पनि बिहान, मध्याह्न, साँझ, रात भने जस्ता क्रममा संयोजित छन्।

यिनका निबन्धमा इतिवृत्त समय र वाचन समयबिच प्रायः समानान्तरताको स्थिति देखिन्छ। **दार्जिलिङ डायरी**का मामा र भानिजबिच भएको वार्तालाप शैलीका ४७–५६ अनि ६०–६१ निबन्धहरू होउन् वा 'नानीलाई राम्रो हेर्नोस् है' जस्ता निबन्धमा होस् निबन्धकारले घटना विवरण दिएको समय र ती घटनाभित्र घटित समय एकाअर्कासँग समानान्तर रूपमा अघि बढेका छन्। प्रधानका आख्यानात्मक निबन्धहरूमा वर्णित घटनाक्रमको अवधि भने १ दिनदेखि १०–११ दिनसम्म रहेका देखिन्छन्।

### ३.३ पात्र विधान/चरित्राङ्कन पद्धति

प्रधानका निबन्धमा प्रयुक्त कथामा पात्रहरू प्रायः नै नेपाली जनजीवनबाट टिपिएका निम्नदेखि मध्यमवर्गसम्मका छन्। दार्जिलिङ सहरका गल्लीमा बाँसुरी बजाई जीविकोपार्जन गर्ने लट्टे भिखारी होस्, नेपालको पहाडबाट काठमाडौँ बसाइँ सरेका थपलिया दाइ होस् वा आफ्ना छोरो वा छोरीका निम्ति सिफारिस गरिमाग्न आउने एउटी दिदी र एउटा भाइ होस् जम्मै पात्रहरूको अनुहार नेपालीकै अनुहार जस्ता लाग्छन्। यस दृष्टिले यिनका पात्रहरू सार्वभौमिक नभएर आञ्चलिक किसिमका छन् भन्दा अत्युक्ति हुँदैन।

यिनका निबन्धमा गोला र च्याप्टा, गतिशील र गतिहीन सबै प्रकारका पात्र पाइन्छन्। यद्यपि यिनका पात्रहरू मौलिक छन् जसको चरित्र यिनी आफैले निर्माण गरेका छन्। पात्रहरूको चरित्राङ्कन पद्धति प्रत्यक्ष र परोक्ष दुवै प्रकारका छन्। जहाँ एकातिर यिनी लट्टेजस्ता पात्रको चरित्र चित्रण वर्णनात्मक शैलीमा गर्छन् भने 'रक्सी र सरका कुरा' जस्ता संवादात्मक शैलीमा लेखिएका निबन्धमा पात्रले बोलेको संवादकै भरमा पात्रहरूको चरित्र ठम्याउनु पर्ने हुनाले परोक्ष चरित्राङ्कन पद्धति पाइन्छ।

### ३.४ दृष्टिविन्दु प्रयोग

निबन्धलाई अन्य विधाबाट छुट्ट्याउने एउटा मुख्य विशेषता नै आत्मपरकता हो। यसैले आख्यानात्मक निबन्धमा प्रायः आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ। एकाध निबन्ध छाडेर प्रधानका प्रायः निबन्धमा उनी आफै निबन्धका विषय र पात्र हुन्। निबन्धमा प्रयुक्त कथामा वर्णित घटनाहरूमा उनी मुख्य पात्रका रूपमा सहभागी देखापर्छन्। उनका प्रायः निबन्धमा प्रथम पुरुष सर्वनामको प्रयोग पाइन्छ।

### ३.५ परिवेश विधान

पात्र विधानझैं परिवेश विधानका पनि दुईवटा पद्धति छन् – प्रत्यक्ष र परोक्ष। राजनारायण प्रधानले आफ्ना निबन्धमा प्रत्यक्ष पद्धतिद्वारा परिवेशको विधान गरेका छन्। जस्तै – 'दार्जिलिङ लट्टेको पतलुन हो ? सत्र ठाउँमा टालेको। सत्र ठाउँमा फाटेको। यतै मैला। उतै मैला' अथवा 'एउटा सानो फोहोर कोठा। मूतका टाटा स्पष्ट देखिने। ओछ्यानमाथि उहाँको कान्छो उत्तराधिकारी खेलिरहेको।' निबन्धका भावपरिमण्डल भने दार्जिलिङ र काठमाडौँ सहरका विभिन्न ठाउँ रहेका छन्।

### ३.६ भाषा शैली

घटनाको नियोजन होस्, चरित्र चित्रण होस् वा परिवेश विधानमा होस् विभिन्न बिम्बका माध्यमद्वारा चित्रकारले चित्र कोरेझैं चित्रात्मक शैलीमा साहित्य सिर्जना गर्नु यिनको वैशिष्ट्य हो। दार्जिलिङे भाषिका, नेपाली ठेट अथवा झर्रा शब्दहरूसँगै लोकप्रचलित वाग्धारा, उखान र तुक्काहरूको संयोजन गर्नु यिनको भाषिक विशेषता हो। छोटा, छरिता, अन्त्यानुप्रासयुक्त तथा क्रियापदविहीन वाक्यहरूको प्रशस्त प्रयोग यिनका निबन्धमा पाइन्छन्, जस्तै– 'क्याहो साथी, आज बडो बेचैन छस् नि, केलाई यस्तो छटपट किन यस्तो फटफट' अथवा 'तँ निमित्तिले गर्दा हाम्रो समाज सिनित्त भइसक्यो।'

प्रशस्तै अनुकरणात्मक शब्दहरूको प्रयोग गर्नु पनि यिनको अर्को वैशिष्ट्य हो, जस्तै– 'चमचम चम्कने आँखा, टलटल टल्कने केश, सपक्क मिलेको आँखीभौँ, सुलुत्त परेको नाक...झलमल्ल घाम लागेजस्तो जोवन।'

यिनका निबन्धका वाक्यहरू छोटा लामा दुवै प्रकारका छन् भने यिनले प्रशस्त मात्रामा समानाधिकरणात्मक वाक्यहरूको पनि प्रयोग गरेका छन्, जस्तै– 'भाषा पायो भने पहाडेको नाक फुल्छ। घिच्रो तन्किन्छ। खुट्टा लम्बिन्छ। हातहरू ठुलोठुलो हुन्छ। अनि जिउभरि भुत्लैभुत्ला हुन्छ।' यस्तै प्रकारले यिनका निबन्धमा प्रशस्तै मात्रामा संवादहरूको प्रयोग पाइन्छन्। कुनै निबन्ध त संवादमा थालिएर संवादमै टुङ्गिएका पनि छन्। संवादहरू स्वगतकथन अनि वार्तालाप शैलीका देखिन्छन् तथा

यिनका संवादहरू पात्रका वर्ग, चरित्र आदिलाई प्रस्ट्याउन पूर्णतः सफल छन्। संवादकै माध्यमद्वारा कथ्य प्रस्तुत गर्नु पनि यिनका निबन्धमा पाइने अर्को गुण हो। 'मैले मनमनै भनें', 'बाटामा सम्झें' जस्ता पदावलीबाट यिनी कथ्यको थालनी गर्छन् र लामा लामा स्वगतकथनद्वारा तर्क वितर्क प्रस्तुत गर्दै आफ्नो कथ्यको पुस्टि गर्छन्।

## ४ निष्कर्ष

भारतीय नेपाली निबन्ध लेखन क्षेत्रमा विशेष गरी हास्य व्यङ्ग्यात्मक शैलीमा निबन्ध लेख्ने राजनारायण प्रधानका निबन्धमा पाइने साझा विशेषता हो – आख्यानात्मकता। उनका प्रायः निबन्धहरूमा कतै न कतै आख्यानात्मक तत्त्वहरू पाइन्छन्। तिनकै प्राधान्यले यिनका निबन्धहरू कथा अनि निबन्धका दोसाँधमा उभिएका देखिन्छन्। राजनारायण प्रधान आफ्नो भाषिक विशिष्टताका कारण प्रसिद्ध छन्। यिनले आफ्ना निबन्धहरूमा प्रयोग गरेका भाषाले नेपाली लोकसंस्कृति, लोकजीवन आदिको अध्ययनमा चासो राख्ने शोधकर्ताहरूलाई प्रशस्त सामग्री उपलब्ध गराउन सक्ने देखिन्छ। नेपाली आख्यानात्मक निबन्ध लेखन परम्परामा भैरव अर्याल, अच्छा राई 'रसिक' आदिकै हाराहारीमा यिनको मूल्याङ्कन गर्न सकिन्छ।

## सन्दर्भ


१. नेपाल घनश्याम (सम्पा), इ सं १९९२, **निबन्ध नन्दन**, गान्तोक, जनपक्ष प्रकाशन।

२. नेपाल, घनश्याम, इ सं २०११, **आख्यानका कुरा**, दोस्रो संस्करण, सिलगडी, एकता बुक हाउस प्रा लि।

३. मगर कृष्णमाया, इ सं २००८, **राजनारायण प्रधानका कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर लघु शोध प्रबन्ध, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय।

४. https://en.wikipedia.org/wiki/Fiction, 09:15 P.M. on 11.01.2021

५. Childs Peter and Roger Fowler, 2006, The Routledge Dictionary of Literary Terms, Routledge

६. ChatmanSeymour, 1993, Reading Narrative Fiction, Macmillan Publishing Company


•